# पाडापालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

प्रदेश सरकार

प्रदेश नं. ३

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## हेटौंडा, नेपाल

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## पाडापालन कार्यक्रम सञ्चालन कार्यविधि,२०७५

**प्रस्तावना:** प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को बजेट तथा कार्यक्रममा पाडापाडी/बकेर्नो भैंसी संरक्षण विशेष कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था भएकोले प्रदेश नम्बर तीनमा रागाको मासु बढी खपत हुने हुँदा स्वच्छ र स्वस्थ्यकर मासुको सहज आपूर्ती गर्न मन्त्रिपरिषदबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "पाडापालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) **"कार्यविधि"** भन्नाले पाडापालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ सम्झनु पर्छ।

(ख) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको पाडापालन कार्यक्रम सम्बन्धी स्वीकृत वार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ग) **"कार्ययोजना"** भन्नाले पाडा संरक्षण गरी मासु उत्पादन वृद्धी गर्ने उद्देश्यले पाडापालन कार्यक्रम सञ्चालनको लागि तयार गरिएको प्रस्ताव बमोजिमको परियोजना सम्झनु पर्छ ।

(घ) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ङ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(च) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(छ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ज) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।

(झ) **"विपन्न सदस्य"** भन्नाले सम्बन्धित समूहको माग बमोजिम सम्बन्धित स्थानीय तहले विपन्न हो भनि सिफारिस गरेको सदस्य सम्झनु पर्छ ।

(ञ) **"सहकारी संस्था"** भन्नाले प्रचलित सहकारी ऐन अनुसार दर्ता भएको संस्था सम्झनु पर्छ ।

(ट) **"साझेदार संस्था"** भन्नाले कृषक समूह/समिति/सहकारी संस्था सम्झनु पर्छ ।

३. **उद्देश्य:** पाडापालन कार्यक्रम सञ्चालनको उद्देश्य देहाय बमोजिम रहेको छ:-

(क) व्यावसायीक रुपमा पाडापालन गरी रोजगारीको सृजना गर्ने,

(ख) मासुका लागि विदेशबाट आयात गरिने पशु संख्या कम गर्ने,

(ग) बजारमा स्वच्छ र स्वस्थ्यकर मासुको सहज आपूर्तीमा टेवा पुऱ्याउने,

(घ) जन्मने वित्तिकै पाडा संरक्षण नगर्ने प्रवृत्तीलाई निरुत्साहित गर्ने ।

## परिच्छेद -२
## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतीका लागि सिफारीस गर्न कार्यालयमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

(२) मूल्याङ्कन समितिमा मन्त्रालयको एक जना विज्ञ अधिकृत प्रतिनिधी अनिवार्य राख्नु पर्नेछ ।

(३) प्रचलित कानूनमा व्यवस्था भए बमोजिम अतिरिक्त मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्ड तयार गरी स्वीकृतीका लागि कार्यालयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतीका लागि कार्यालयमा पेश गर्ने ।

५. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, दफा ४ बमोजिमको समिति, निर्देशनालय र कार्यालयले आवश्कता अनुसार गर्नेछ । सोको प्रतिवेदन निर्देशनालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) यस कार्यक्रमको अनुगमन सम्बन्धित प्रदेश सभा सदस्य र जिल्ला समन्वय समितिले समेत गर्न सक्नेछ ।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालन प्रकृया

६. **कार्यक्रम सञ्चालनः** (१) प्रदेश नम्बर तीनको मन्त्रालयद्वारा तोकिएको पाँच जिल्लामा कृषक समूह/समिति/सहकारी संस्थासँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ,

(२) साझेदार संस्थाका सदस्यले कम्तिमा पाँच वटा पाडापालन गर्नु पर्नेछ,

(३) साझेदार संस्था सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्नेछ,

(४) सहकारीले पाडापालन गर्न छुट्टै उप-समिति गठन गरेको हुनु पर्नेछ,

(५) आफूसँग भएको पाडा विक्रि भएमा पूनः अर्को थपि व्यावसाय नियमित गर्नु पर्नेछ।

७. **प्रस्ताव आह्वानः** कार्यक्रममा सहभागी हुन ईच्छुक साझेदार संस्थाबाट प्रस्ताव पेश गर्न पन्ध्र दिनको समय अवधी दिई सम्बन्धित जिल्लाका स्थानिय रेडियो वा पत्र-पत्रिकामा अनुसूची-१ बमोजिम मन्त्रालयले सूचना प्रकाशन गर्नेछ ।

८. **प्रस्ताव दर्ताः** साझेदारी गर्न ईच्छुक संस्थाले दफा ७ बमोजिमको समय अवधी भित्र अनुसूची-२ बमोजिम आवेदन साथ अनुसूची-३ बमोजिम कार्ययोजना तयार गरी कार्यालयमा प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

९. **साझेदार संस्थाको छनौटः** दफा ४ बमोजिम गठित मूल्याङ्कन समितिले अनुसूची-४ बमोजिम प्रस्तावकको मूल्याङ्कन गरी प्राप्ताङ्कलाई सिल्सिलेवार क्रममा कम्पाईल गरी स्वीकृतीका लागि कार्यालयमा पेश गर्नेछ । प्रस्तावकले प्राप्त गरेको प्राप्ताङ्क र पेश गरेको कार्ययोजना कार्यालयले स्वीकृत गरी साझेदार संस्थाको छनौट गर्नेछ ।

१०. **प्रस्तावकलाई जानकारीः** साझेदार संस्था छनौटको निर्णय भए लगत्तै साझेदार संस्थालाई जानकारी दिनु पर्नेछ ।

११. **सम्झौताः** (१) जानकारी दिएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित साझेदार संस्थाले कार्यालयसँग अनुसूची-५ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समय अवधी भित्र सम्झौता गर्न नआएमा क्रमशः दोश्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार संस्थासँग सम्झौता गर्न सकिने छ ।

(३) रितपूर्वकको एक मात्र प्रस्ताव दर्ता हुन आएमा छनौट गरी सम्झौता गर्न बाधा पर्ने छैन ।

(४) दफा ७ बमोजिम प्रस्ताव आह्वान गर्दा प्रस्ताव नपरेमा वा एक मात्र प्रस्ताव परी सम्झौता गर्न नआएमा मन्त्रालयले पुनः प्रस्ताव आह्वान गर्नेछ ।

## परिच्छेद -४

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१२. अनुदान रकमको तीन प्रतिशत कन्टेन्जेन्सी स्वरुप कट्टा गरिनेछ । कार्यालयले उक्त रकम भ्रमण खर्च, बैठक भत्ता तथा अन्य प्रशासनिक कार्यको लागि खर्च गर्नेछ ।

१३. सञ्चालन हुने कार्यक्रममा साझेदार संस्थाले प्राप्त गर्ने अनुदान र स्वलगानीको विवरणः

(रकम रु. हजारमा)

| क्र. सं. | कृयाकलाप | प्रदेश सरकारबाट अनुदान | साझेदार संस्थाको स्वलगानी | पाडापालन कार्यक्रममा जम्मा लगानी |
|---|---|---|---|---|
| १ | पाडा खरिद (५० वटा पाडाको लागि) | ५००।- | १५०।- | ६५०।- |
| २ | गोठ निर्माण/सुधार(१० वटा गोठको लागि) | ५००।- | १५०।- | ६५०।- |
| ३ | घाँस खेती | १००।- | ३०।- | १३०।- |
| | जम्मा | ११००।- | ३३०।- | १४३०।- |

(रकम रु. हजारमा)

१४. कार्यालयबाट सञ्चालन हुने कार्यक्रमः

| सि.नं. | क्रियाकलापहरु | रकम |
|---|---|---|
| १ | ढुवानी | ३०।- |
| २ | खोप, परजिवि नियन्त्रण | ५०।- |
| ३ | अनुगमन तथा मूल्याङ्कन | ५०।- |
| | जम्मा | १३०।- |

१५. अनुदान रकम प्राप्त गर्ने साझेदार संस्थाले गोठ निर्माण/सुधार तथा पाडा खरिद आदिको बिल/भर्पाई कार्यालयमा पेश गर्नु पर्नेछ । कार्यालयले वढिमा दुई किस्ता गरी साझेदार संस्थाको बैंक खातामा अनुदान रकम उपलब्ध गराउने छ ।

१६. यस कार्यक्रमको लेखा, लेखांकन, लेखा परिक्षण तथा आर्थिक कारोवार सम्वन्धी अन्य व्यवस्था प्रचलित ऐन/नियम अनुसार हुनेछ

१७. <u>प्रगति पठाउने प्रकृया:</u> (१) पाडापालन कार्यक्रमको अनुदान प्राप्त गर्ने साझेदार संस्थाले मासिक रुपमा प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा कम्पाईल गरी कार्यालयले निर्देशनालय र मन्त्रालयमा पठाउनु पर्नेछ ।

१८. <u>विशेष प्राथमिकता:</u> (१) विपन्न सदस्य, पिछडिएको क्षेत्र तथा समुदायलाई विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिने छ ।

(२) भौतिक पूर्वाधार र बजारको व्यवस्था भएको स्थानलाई प्राथमिकता दिईने छ ।

(३) कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

१९. <u>कारबाहीको व्यवस्था:</u> (१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई कार्यालयले अनुदान रोक्का गर्नेछ ।

(२) साझेदार संस्थाले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा त्यस्ता संस्थाबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिने छ ।

२०. <u>संशोधन:</u> यो कार्यविधि कार्यान्वयन सम्बन्धी बाधा अडचन मन्त्रालयले फुकाउन सक्नेछ ।

२१. <u>प्रचलित कानुन बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसुची-१

(दफा ७ सँग सम्बन्धित)

**पाडापालन कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मितिः .........

आर्थिक वर्ष ... ... ... को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार पाडापालन कार्यक्रम रहेकोले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह/समिति/सहकारी संस्थाहरुबाट लागत साझेदारी गर्न दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन र प्रस्तावित कार्ययोजना सहित सम्बन्धित कार्यालयमा दरखास्त दिनु हुन सूचित गरिन्छ । आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न साथै थप जानकारीको लागि मन्त्रालय, निर्देशनालय वा कार्यालयमा सम्पर्क गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिलः

१. अनुसूची-२ अनुसारको आवेदन फाराम,

२. अनुसूची-३ अनुसारको समुहको कार्ययोजना,

३. संस्था दर्ता प्रमाण-पत्र,

४. अन्य प्रमाणित-पत्रहरु(तालिम, शैक्षिक योग्यता, जग्गा भाडाको सम्झौता पत्र आदी),

५. समूह/समिति/सहकारी संस्थासँग रहेको पशु संख्या,

६. पाडापालन गर्ने क्षमता(जग्गा/घाँस रोपणको क्षेत्रफल आदी) ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची-२

(दफा ८ सँग सम्बन्धित)

आवेदन पत्र

मितिः.........................

श्रीमान कार्यालय प्रमुखज्यू,
भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, ...............

विषय : अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।

महोदय,

प्रस्तुत विषयमा मिति ............... गते ................. पत्रिकामा प्रकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम पाडापालन कार्यक्रममा सहभागी हुने चाहना भएकोले निम्नानुसार कागजात राखी संयुक्त निवेदन पेश गरिन्छ । अनुदान सहयोग प्राप्त भएमा शर्त अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्ने प्रतिवद्धता समेत जाहेर गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

तपसिलः

१. अनुसूची-२ अनुसारको आवेदन फाराम,
२. अनुसूची-३ अनुसारको समुहको कार्ययोजना,
३. संस्था दर्ता प्रमाण-पत्र,
४. अन्य प्रमाणित-पत्रहरु(तालिम, शैक्षिक योग्यता, जग्गा भाडाको सम्झौता पत्र आदी),
५. समूह/समिति/सहकारी संस्थासँग रहेको पशु संख्या,
६. पाडापालन गर्ने क्षमता(जग्गा/घाँस रोपणको क्षेत्रफल आदी) ।

अध्यक्षकोः

नामः

पदः

दस्तखतः

मितिः

संस्थाको छापः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसुची-३

(दफा ८ सँग सम्बन्धित)

**साझेदार संस्थाका सदस्यले पेश गर्नु पर्ने कार्ययोजना विवरण**

कार्यक्रमको नामः

संस्थाको नामः

ठेगानाः

मितिः

(रकम रु. हजारमा)

| क्र. सं. | कृयाकलाप | प्रदेश सरकारको अनुदान | साझेदार संस्थाको स्वलगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| १ | पाडा खरिद (५० वटा पाडाको लागि) | | | |
| २ | गोठ निर्माण/सुधार(१० वटा गोठको लागि) | | | |
| ३ | घाँस खेती | | | |
| | जम्मा | | | |

**संस्थाको अध्यक्षः**

नामः

पदः

दस्तखतः

मितिः

संस्थाको छापः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची-४

(दफा ९ सँग सम्बन्धित)

**पाडापालन कार्यक्रम सञ्चालनका लागि संस्था छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु**

| क्र.सं. | द.नं. | आवेदक संस्थाको नाम | ठेगाना | कार्ययोजना (२५) | व्यवसायको सम्भाव्यता/ उपयुक्तता (२५) | अनुभव / तालिम (१०) | आफैले पाडाहरु संकलन गरी हुर्काई रहेको संख्या(१०) | विपन्न सदस्य भएको संस्था (५) | घाँस विकास गरेको वा विकस गरिने जग्गाको क्षेत्रफल(२५) | कुल प्रासांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची-५
## (दफा ११को उपदफा(१)सँग सम्बन्धित)
## सम्झौता-पत्र

आर्थिक वर्ष ... ... ... मा सञ्चालन हुने पाडापालन कार्यक्रमको लागी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ... ... ... (यसभन्दा पछाडी प्रथम पक्ष भनिने) र छनौट भएका कृषक समूह/समिति/सहकारी संस्था ... ... ... ... ... (यसभन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ ।

**शर्तनामाहरुः**

१. प्रथम पक्षले दोश्रो पक्षलाई पाडापालन कार्यक्रम सञ्चालनका लागि बढीमा दुई किस्तामा अनुदान रकम बैंक खातामा जम्मा गरी उपलब्ध गराउने छ । अनुदान रकम प्राप्त गर्न दोश्रो पक्षले अनिवार्य रुपमा विल/भर्पाई पेश गर्नु पर्नेछ ।
२. प्रथम किस्ता वापतको अनुदान रकम दोश्रो पक्षले गोठ निर्माण/सुधार कार्य लगायत सम्पूर्ण कार्यको पचास प्रतिशत कार्य सम्पन्न गरे पश्चात बैंक खातामा जम्मा गरी दिनु पर्नेछ । दोश्रो किस्ता वापतको रकम कार्य सम्पन्न पश्चात प्रथम पक्षले दोश्रो पक्षको बैंक खातामा जम्मा गरी दिनु पर्नेछ ।
३. दोश्रो पक्षबाट अनुदान रकमको दुरुपयोग भएको पाईएमा प्रथम पक्षले साँवा र सोको दश प्रतिशत रकम हर्जाना सहित असुल उपरको लागि प्रचलित कानुन बमोजिम आवश्यक कारबाही गर्नेछ ।
४. तोकिएको प्राविधिक विषय वस्तुलाई दोश्रो पक्षले अनिर्वाय रुपमा पालना गर्नु पर्नेछ ।
५. व्यवसायबाट उत्पादित वस्तुको वजार व्यवस्था दोश्रो पक्ष स्वयंले नै गर्नु पर्नेछ ।
६. प्रथम पक्षले नियमित रुपमा दोश्रो पक्षको अनुगमन/निरिक्षण गर्नेछ ।
७. दोश्रो पक्षले प्रथम पक्षलाई मासिक रुपमा प्रगति विवरण बुझाउनु पर्नेछ ।
८. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं हुनेछ ।
९. यस सम्झौतामा उल्लेख हुन छुटेका व्यहोरा प्रचलित ऐन/नियम बमोजिम हुनेछ ।

**प्रथम पक्षको तर्फबाटः**

नामः
पदः
दस्तखतः
मितिः
कार्यालयको छाप

**दोश्रो पक्षको तर्फबाटः**

नामः
पदः
दस्तखतः
मितिः
संस्थाको छापः

**रहोवरः**

नामः
पदः
दस्तखतः
मितिः
कार्यालयको छाप

नामः
पदः
दस्तखतः
मितिः
संस्थाको छापः